बीमालेख नम्बरः .............................................................

# दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड

सनराइज बिज पार्क, पहिलो तल्ला, चारखाल, डिल्लीबजार, पोष्ट बक्स: १६५, काठमाडौं, नेपाल
फोन: ०१-४५२०४०२ / ०१-४५१६४३९, फ्याक्स: ०१-४५२०३९९
E-mail: oriental@orientalinsurance.com.np
Web: www.orientalinsurance.com.np

# घर बीमालेख

यस बीमालेखको तालिकामा उल्लेख भएको परिसर सहितको घर तथा घर परिसर भित्र रहेको सामान तथा सम्पत्तिको क्षति विरूद्ध बीमा गर्नको लागि बीमितले पूरा बीमाशुल्क भुक्तानी गरेको हुनाले द्विपक्षीय बीमा करारको रूपमा **दि ओरिएण्टल इन्स्योरेन्स कम्पनी लिमिटेड** ले यो बीमालेख जारी गरेको छ।

## परिच्छेद-१

## प्रारम्भिक

१. बीमालेखको नाम र प्रारम्भ:

(१) यस बीमालेखको नाम '**घर बीमालेख**' रहेको छ।

(२) यो बीमालेख बीमितले बीमाशुल्क भुक्तानी गरेपश्चात प्रारम्भ हुनेछ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस बीमालेखमा,

(क) '**अधिक**' भन्नाले बीमकले दाबी मूल्याङ्कन रकमबाट अनिवार्य रूपमा घटाउने रकम सम्झनु पर्छ।

(ख) '**अपवाद**' भन्नाले बीमालेखले रक्षावरण नगर्ने जोखिम वा बीमालेखले क्षति प्रदान नगर्ने वा नसमेट्ने अवस्था सम्झनु पर्छ।

(ग) '**आगलागी**' भन्नाले दुर्घटनावस ज्वाला प्रस्फुटित भई उत्पन्न भएको आगो वा अग्नि सम्झनु पर्छ।
तर, कुनै प्रयोजनको लागि बालिएको र आफ्नै सीमाभित्र रहेको आगोलाई यस बीमालेखको प्रयोजनको लागि आगो वा अग्नि मानिने छैन।

(घ) '**आनुसाङ्गिक क्षति**' भन्नाले बीमा गरिएको जोखिमको कारणले हुने अप्रत्यक्ष (कन्सिक्वेन्सियल) वा एउटा घटनाको परिणामस्वरूप हुने अप्रत्यक्ष क्षति सम्झनु पर्छ।

(ङ) '**औसत शर्त**' भन्नाले बीमालेख अन्तर्गत बीमा गरिएको सम्पत्ति क्षति हुँदा उक्त सम्पत्तिको बजार मूल्यभन्दा बीमाङ्क घटी भएको अवस्थामा बीमकले समानुपातिक रूपमा भुक्तानी गर्ने क्षतिपूर्ति रकम सम्झनु पर्छ। त्यस्तो रकम देहाय अनुसार गणना गरिनेछ:

$$\text{बीमकले प्रदान गर्ने क्षतिपूर्ति} = \frac{\text{क्षति भएको सम्पत्तिको बीमाङ्क x वास्तविक क्षति}}{\text{क्षति भएको सम्पत्तिको बजार मूल्य}}$$

(च) '**घर**' भन्नाले स्थायी रूपले बसोबास गरिने गैर व्यावसायिक वा गैर व्यापारिक प्रयोजनको लागि निर्मित बीमितको बीमायोग्य हित रहेको आवासीय भवन वा अपार्टमेन्ट तथा त्यसमा रहेको चल अचल सम्पत्ति समेत सम्झनु पर्छ र सो शब्दले आवासीय प्रयोजनको लागि भाडामा दिइएको भवन वा अपार्टमेन्ट समेतलाई जनाउँछ; साथै, अपार्टमेन्टको हकमा बीमितको बीमायोग्य हित रहेको अपार्टमेन्टको समानुपातिक रूपले हुन आउने साझा क्षेत्र (कमन एरिया) लाई समेत जनाउँछ।

(छ) '**चट्याङ्ग**' भन्नाले चट्याङ्ग परेर वा बिजुली चम्किएर भएको आगलागी, भौतिक क्षति वा उच्च भोल्टेजको विद्युत प्रवाह सम्झनु पर्छ।

(ज) '**जोखिम**' भन्नाले कुनै घटना घट्ने वा नघट्ने अनिश्चित अवस्था सम्झनु पर्छ।

(झ) '**तालिका**' भन्नाले बीमा गरिएको सम्पत्ति, बीमाङ्क, बीमाशुल्क लगायत बीमालेख जारी गर्न आवश्यक पर्ने विवरणहरू उल्लेख भएको बीमालेखको अङ्गको रूपमा रहने तालिका सम्झनु पर्छ।

(ञ) '**दाबी**' भन्नाले बीमा गरिएको सम्पत्तिको क्षति बापत बीमितद्वारा माग गरिएको क्षतिपूर्ति रकम सम्झनु पर्छ।

(ट) '**धक्काको असर (इम्प्याक्ट)**' भन्नाले जनावर, सवारी साधन, रेल, कुनै चलायमान वा स्थिर वस्तु वा अन्य कुनै पनि यान्त्रिक वस्तुको ठक्कर वा धक्काबाट सम्पत्तिको भित्री वा बाहिरी भागमा पर्ने असर सम्झनु पर्छ।

(ठ) '**निर्देशन**' भन्नाले सम्पत्ति बीमा सम्बन्धी निर्देशन, २०८० सम्झनु पर्छ।

(ड) '**वस्तुगत तथ्य**' भन्नाले बीमा गरिएको सम्पत्तिको जोखिम बढाउन वा घटाउन सक्ने महत्वपूर्ण तथ्य सम्झनु पर्छ।

(ढ) '**बीमक**' भन्नाले यो बीमालेख जारी गर्ने बीमा कम्पनी सम्झनु पर्छ।

(ण) '**बीमा करार**' भन्नाले प्रस्ताव फाराम, बीमालेख, तालिका, सम्पुष्टि, बीमालेखको संशोधन तालिका, बीमाशुल्क भुक्तानी रसिद तथा बीमालेखसंग सम्बन्धित अन्य कागजातहरू सहित बीमक तथा बीमित बीच भएको द्विपक्षीय करार सम्झनु पर्छ।

(त) '**बीमा गरिएको सम्पत्ति**' भन्नाले तालिकामा उल्लेख भए अनुसार यस बीमालेखद्वारा रक्षावरण गरिएको वा बीमितको बीमायोग्य हित रहेको बीमा गरिएको घर, घर परिसरभित्र रहेको सामान तथा सम्पत्ति सम्झनु पर्छ।

(थ) '**बीमाङ्क**' भन्नाले क्षति बापत बीमकले प्रदान गर्ने तालिकामा उल्लेख गरिए अनुसारको कुल बीमा रकम सम्झनु पर्छ।

(द) '**बीमालेख**' भन्नाले बीमक र बीमित बीचको बीमा सम्बन्धी करार सम्झनु पर्छ।

(ध) '**बीमाशुल्क**' भन्नाले सम्पत्तिको बीमा गरे बापत बीमितले बीमकलाई बुझाउनु पर्ने रकम सम्झनु पर्छ।

(न) '**बीमित**' भन्नाले बीमा गर्ने व्यक्ति वा संस्था वा बीमालेख धारक सम्झनु पर्छ।

(प) '**भूकम्प**' भन्नाले भूईंचालोको कारणले हुने आगलागी वा अन्य क्षतिजन्य घटना सम्झनु पर्छ।

(फ) **'मूलभूत विवरण'** भन्नाले बीमा गरिएको सम्पत्तिमा रहेको जोखिम तथा त्यस्तो जोखिमको मात्रा विश्लेषण गरी बीमाशुल्क निर्धारण गर्न र बीमा प्रस्ताव स्वीकार गर्ने वा नगर्ने निर्णयमा सघाउ पुऱ्याउन आवश्यक पर्ने महत्वपूर्ण विवरण सम्झनु पर्छ ।

(ब) **'रक्षावरण'** भन्नाले बीमा गरिएको सम्पत्तिको क्षतिको क्षतिपूर्ति प्रदान गर्नको लागि मञ्जुर गरेको अवस्था सम्झनु पर्छ ।

(भ) **'विस्फोटन'** भन्नाले कुनै यन्त्र वा उपकरणको आन्तरिक वा वाह्य विस्फोटन वा अन्य कुनै प्रकारले भएको विस्फोटन सम्झनु पर्छ ।

(म) **'समानुपातिक दर'** भन्नाले एक बर्षको लागि लाग्ने बीमादरको अनुपातमा तोकिएको निश्चित अवधिका लागि लाग्ने बीमादर सम्झनु पर्छ ।

(य) **'क्षति'** भन्नाले कुनै घटना भई हुने क्षति हुनु, हानि-नोक्सानी हुनु, बिग्रनु वा नाश हुनु भन्ने सम्झनु पर्छ ।

(र) **'क्षतिपूर्ति'** भन्नाले बीमालेखमा उल्लेख भए अनुरूप बीमकले बीमितलाई प्रदान गर्ने दाबी वापतको रकम सम्झनु पर्छ ।

(ल) **'प्राधिकरण'** भन्नाले बीमा ऐन, २०७९ दफा ३ बमोजिमको नेपाल बीमा प्राधिकरण सम्भिनु पर्छ ।

## परिच्छेद-२

## रक्षावरण

३. **रक्षावरणः** देहायका कारणबाट बीमा गरिएको सम्पत्ति (घर, घर परिसर तथा घर परिसरमा रहेको सम्पत्ति) मा भएको प्रत्यक्ष भौतिक क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ:

**(क) अग्निजन्य क्षतिः**

(अ) आगलागी वा अग्निको कारणले भएको क्षति

(आ) आगलागी भई आगो निभाउने क्रममा भएको क्षति

**(ख) हावाजन्य क्षतिः**

(अ) हावा, हूरी, वतास, आँधीवेहरी वा तूफानको कारणले भएको क्षति

(आ) चक्रवात वा भूमरीको कारणले भएको क्षति

(इ) कुनै प्रकारको वायुमण्डलीय उथलपुथलको कारणबाट भएको क्षति

**(ग) पानीजन्य क्षतिः**

(अ) असिना, हिउँ वा हिमआँधीको कारणले भएको क्षति

(आ) बाढी, जलमग्न, डुबानको कारणले भएको क्षति

(इ) पाइप, ट्यांकी, बाँध, पोखरी, स्प्रिङ्कल, ढल वा पानीको निकास वा अन्य कुनै वस्तु थुनिएर वा त्यसको निकास बन्द भएर वा त्यसबाट ओभरफ्लो भएर, चुहिएर वा फुटेर भएको क्षति ।

**(घ) भूमिजन्य क्षतिः**

(अ) भूईंचालोको कारणले भएको क्षति ।

(आ) कुनै विस्फोटन भई जमिन हल्लिएको कारणले भएको क्षति ।

**(ङ) खस्ने वा भासिने सम्बन्धी क्षतिः**

(अ) पहिरो वा भूस्खलनको कारणले भएको क्षति ।

(आ) ढुङ्गा खस्ने कारणले भएको क्षति ।

(इ) हिलो वा लेदो बग्ने कारणले भएको क्षति ।

(ई) जमीन, ढिस्को, माटो, बालुवा, रोडा ढुङ्गा खस्ने वा भासिने कारणले भएको क्षति ।

(उ) किनार, बाटो, भूईं, सडक खस्ने वा भासिने कारणले भएको क्षति ।

**(च) चट्याङ्गजन्य क्षतिः**

(अ) चट्याङ्गको कारणले भएको क्षति ।

**(छ) विस्फोटनजन्य क्षतिः**

(अ) विस्फोटन (एक्स्प्लोजन) को कारणले भएको क्षति ।

(आ) अन्तर्स्फुटन (इम्प्लोजन) को कारणले भएको क्षति ।

**(ज) आकाशीय सामग्रीजन्य क्षतिः**

(अ) हवाई यान, रकेट, आकाशमा उड्ने वस्तुको कारणले भएको क्षति ।

(आ) आकाशीय पिण्ड, अपरिचित बस्तु (अनआइडेन्टिफाइड अब्जेक्स) को कारणले भएको क्षति ।

(इ) आकाशको माध्यमबाट अकस्मात आउने कुनै पनि रहने यन्त्र, उपकरण वा बस्तुको कारणले भएको क्षति ।

(ई) उड्ने बस्तुको उच्च आवाजको कारणले भएको क्षति ।

**(झ) धक्का दिएर, छोएर, लडेर वा लागेर हुने क्षतिः**

(अ) सवारी साधन, रेल, जनावर वा अन्य चलायमान बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

(आ) रूख, विरूवा, खम्बा, तार, सामान, यन्त्र उपकरण वा अन्य वाह्य बस्तुले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

(इ) अन्य घर वा भौतिक संरचनाले धक्का दिएर, छोएर, लडेर वा लागेर भएको क्षति ।

**(ञ) स्वःजलनः**

(अ) स्वःजलन, आन्तरिक जलन वा आफैं बलेको कारणले भएको क्षति ।

**(ट) हूलदङ्गा तथा आतङ्कवादजन्य क्षतिः**

(अ) हूलदङ्गाको कारणले भएको क्षति ।

(आ) हड्तालका कारणले भएको क्षति ।

(इ) रीसइवीपूर्ण कार्यको कारणले भएको क्षति ।

(ई) आतङ्ककारी तथा विध्वंशात्मक क्रियाकलापका कारणले भएको क्षति ।

(उ) प्रतिघात (स्यावोटेज) का कारणले भएको क्षति

(ठ) **अन्य क्षतिः**

(अ) मिसाइल टेस्टिङ्ग अपरेशनका कारणले भएको क्षति ।

४. **अतिरिक्त सुविधाः** बीमा गरिएको सम्पत्ति क्षति भएको खण्डमा बीमकले बीमितलाई देहाय बमोजिमको अतिरिक्त सुबिधा प्रदान गर्नेछ:

(क) **आर्किटेक्ट, इन्जिनीयर वा सर्भेयरको शुल्कः** आर्किटेक्ट, इन्जिनीयर वा सर्भेयरको (फि) शुल्क दाबी मूल्याङ्कन रकमको बढीमा तीन प्रतिशतमा नबढ्ने गरी बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ ।

(ख) **भग्नावशेष विस्थापनः** क्षतिग्रस्त सम्पत्तिको भग्नावशेष हटाउन वा विस्थापन गर्नका लागि लाग्ने खर्च दश लाख रुपैयाँ वा दाबी मूल्याङ्कन रकमको दश प्रतिशतमध्ये जुन कम हुन्छ सोही बराबरको रकम बीमाङ्कको सीमाभित्र रहने गरी बीमकले भुक्तानी गर्नेछ ।

(ग) **दुर्घटनाः** बीमित वा निजको परिवारको बढीमा पाँच जना सदस्यलाई घर परिसर भित्र बीमा गरिएको जोखिमस्वरूप भएको दुर्घटनाबाट देहायको क्षति भएको खण्डमा बीमकले देहाय बमोजिमको क्षतिपूर्ति भुक्तानी गर्नेछ:

(अ) मृत्यु भएमा वा दुवै हात वा खुट्टा काटिई अलग भएमा वा दुवै आँखाको दृश्यशक्ति नफर्किने गरी पूर्ण रूपमा क्षति भएमा प्रति व्यक्ति रु. सात लाख

(आ) एउटा हातको नाडी वा खुट्टाको गोलीगाँठो वा सोभन्दा माथिको भाग काटिई अलग भएमा प्रतिव्यक्ति प्रति हात वा प्रति खुट्टा रु.तीन लाख

(इ) हात वा खुट्टाको बुढी औंला काटिएमा प्रतिव्यक्ति प्रति बुढी औंला रु. एक लाख

(ई) हात वा खुट्टाको अन्य कुनै औंला काटिएमा प्रति व्यक्ति प्रति औंला रु. पचास हजार

(उ) अन्य अङ्गको क्षति भएमा चिकित्सकको सिफारिस अनुसार समानुपातिक हिसाबले हुन आउने रकम

(घ) **चोरी, लुटपाट वा डकैतीः** घर वा घर परिसरमा चोरी, लुटपाट वा डकैती वा सोको प्रयासस्वरूप भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ ।

## परिच्छेद-३

## अपवाद

५. **अपवादः** यस बीमालेखमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि बीमकले देहायका जोखिमको कारणले भएको क्षतिको क्षतिपूर्ति प्रदान गर्नेछैन:

(क) **आनुसाङ्गिक क्षतिः** कुनै कारणबाट भएको क्षतिको परिणामस्वरूप सिर्जना भएको देहाय बमोजिमको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन:

(अ) आम्दानी वा नाफामा भएको कमी वा क्षति

(आ) ढिलाइको कारणले भएको क्षति

(इ) ख्याति वा लोकप्रियतामा भएको ऱ्हास वा क्षति

(ई) उत्पादन प्रणालीमा आएको अवरोधको कारणले भएको क्षति

(उ) बजारको कारणले भएको क्षति

(ख) **यन्त्र उपकरणको टुटफुटः** यन्त्र उपरकणको टुटफुट भएको कारणबाट हुने उक्त यन्त्र उपकरणको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन । तर, सो कारणबाट भएको अन्य सम्पत्ति (उक्त टुटफुट भएको यन्त्र उपकरण बाहेक) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ ।

(ग) **विद्युतीय उपकरणः** चट्याङ्ग तथा अन्य कारणले उत्पन्न भएको उच्च विद्युतीय भोल्टेजको कारणले विद्युतीय तथा इलेक्ट्रोनिक उपकरणमा भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

तर, सिधै चट्याङ्ग लागि विद्युतीय वा इलेक्ट्रोनिक उपकरणको क्षति भएमा बीमकले क्षतिपूर्ति प्रदान गर्नेछ ।

(घ) **कम्प्यूटरमा भएको सूचना तथा तथ्याङ्कः** कम्प्यूटरमा भएका सूचना तथा तथ्याङ्क (डाटा) को क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन । तर, कम्प्यूटर तथा कम्प्यूटरसम्बन्धी यन्त्र उपकरणको भौतिक क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्नेछ ।

(ङ) **अधिकार प्राप्त निकायबाट गरिएको क्षतिः** अधिकार प्राप्त निकायबाट जुनसुकै कारणले भत्काई वा आगो लगाई वा पानी प्रयोग गरी वा अन्य कुनै तरिकाले गरिएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(च) **देहायको कारणबाट भएको चोरीः** देहायको कारणबाट भएको चोरी, लुटपाट तथा डकैतीको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैन:

(अ) बीमित वा निजसंग स्थायी रूपमा बसोबास गर्ने पारिवारिक व्यक्तिले गरेको चोरी, लुटपाट, डकैती वा सोको प्रयास,

(आ) धोखापूर्ण उपायले सम्पत्ति हडप्ने व्यक्तिबाट,

(इ) चलनचल्तीबाट भएको क्षति, मेशीन तथा विद्युतीय गडबडी, टुटफुट, ऱ्हास, क्रमिक रूपले नाश हुँदै जाने, भित्री खरावी, शीत, बर्षा, तुसारो, वातावरणीय प्रभाव, कीरा, नयाँ खडा गर्ने र भत्काउने प्रक्रियाबाट ।

(छ) **देहायको कारणबाट भएको दुर्घटनाः** देहायको कारणबाट दुर्घटना भई बीमित वा बीमितको परिवारको मृत्यु भएको रहेछ भने बीमकले दाबी रकम भुक्तानी गर्नेछैन:

(अ) लागु औषधिको प्रभाव

(आ) पागलपन वा मानसिक असन्तुलन,

(इ) कुनै प्रकारको होड वा खतरनाक खेलकूदमा भाग लिंदाको अवस्था

(ई) कानून बिरोधी क्रियाकपाल

(उ) आत्महत्या वा आत्महत्याको प्रयास

(ज) **विकीरणयुक्त पदार्थ तथा आणविक, रासायनिक तथा जैविक हतियारः**

(१) विकीरणयुक्त पदार्थ वा विकीरणयुक्त फोहोरको संसर्ग (कन्टामिनेसन) बाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(२) आणविक, रासायनिक तथा जैविक आम विनाशकारी हतियारको प्रयोगबाट भएको क्षतिको क्षतिपूर्ति बीमकले प्रदान गर्ने छैन ।

(झ) **युद्ध वा युद्ध सरहको अवस्थाः** सैनिक विद्रोह, शक्ति अपहरण, घेराबन्दी वा युद्ध, आक्रमण, विदेशी शत्रुको कारवाही वा कुनै युद्ध सरहको कारवाही वा गृहयुद्ध वा सो सरहको अवस्थामा भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(ञ) **तेस्रो पक्षको क्षतिः** बीमितको सम्पत्तिबाट सिर्जित हुने तेस्रो पक्षप्रतिको दायित्वको लागि बीमकले क्षतिपूर्ति प्रदान गर्ने छैन ।

(ट) **अन्य क्षतिः** देहायको कारणले भएको क्षतिको बीमकले क्षतिपूर्ति प्रदान गर्नेछैन:

(अ) वस्तुको प्रकृतिको परिवर्तन

(आ) प्रदूषण वा अन्य वस्तुको संसर्ग (कन्टामिनेशन) बाट भएको क्षति

(इ) सुकाउने वा तताउने क्रममा भएको क्षति

## परिच्छेद-४

## शर्तहरू

६. **प्रस्ताव र स्वीकृतिः**

(१) बीमालेख जारी गर्नु अघि बीमितले प्रस्ताव फाराम पूर्ण रूपमा भरी बीमकलाई बुझाउनु पर्नेछ ।

(२) प्रस्ताव फाराममा उल्लेख भएको विवरणमा फरक पारी बीमालेख जारी हुने छैन ।

(३) बीमकले बीमा अवधि समाप्त हुनु अगावै बीमा अवधि समाप्त हुन लागेको सूचना बीमितलाई दिनु पर्नेछ ।

७. **बीमाशुल्क गणनाः** बीमाशुल्क गणना गर्दा सम्पत्ति बीमा निर्देशन, २०८० अनुसार गरिनेछ ।

८. **बीमाशुल्क भुक्तानीः**

(१) बीमकको तर्फबाट सहीछाप भएको रसिद जारी नभएसम्म बीमाशुल्क भुक्तानी भएको मानिने छैन ।

(२) बीमाशुल्क भुक्तानी नभएसम्म बीमालेख जारी गरिने छैन ।

९. **व्याख्याः**

(१) बीमालेख सहित बीमा प्रस्ताव फाराम, तालिका, सम्पुष्टि, बीमा संशोधन तालिका तथा बीमाशुल्क भुक्तानी रसिदलाई एकमुष्ट सम्पत्ति बीमा करार वा बीमालेखको रूपमा बुझ्नु वा पढ्नु पर्नेछ र तिनलाई अलग्गै पढ्न, बुझ्न वा टुक्र्याएर बीमालेखको अर्थ लगाउन पाइने छैन ।

(२) यस बीमालेखमा प्रयोग गरिएका विशेष शब्द तथा वाक्यहरू जहाँ जुन आशयका साथ प्रयोग गरिएको छ, सोही अनुरूपकै अर्थ लगाउनु पर्नेछ ।

(३) यस बीमालेखमा प्रयोग भएका मुख्य तथा बीमासंग सम्बन्धित प्राविधिक शब्दावलीको अर्थ परिभाषा खण्डमा उल्लेख भए बमोजिम हुनेछ ।

१०. **झुठ्ठा विवरणः** देहायको अवस्थामा बीमितले झुठ्ठा विवरण दिएको मानिनेछः

(क) बीमा गरिएको सम्पत्ति रहेको भवन वा स्थानको बारेमा बीमितले आफूलाई जानकारी भएको विषयमा मूलभूत विवरण दिंदा झुठ्ठा विवरण दिएमा, वा

(ख) जोखिम विश्लेषण गर्न आवश्यक पर्ने वास्तविकता लुकाई झुठ्ठा कुरा उल्लेख गरेमा, वा

(ग) वास्तविकताको उल्लेख गर्दा कुनै वस्तुगत तथ्य (म्याटेरियल फ्याक्ट) उल्लेख नगरेमा ।

११. **भुक्तानी दिन बाध्य नहुनेः** देहायको अवस्थामा बीमकले दाबी बापतको रकम भुक्तानी गर्न बाध्य हुने छैनः

(क) दफा नं. १० बमोजिम झुठ्ठा विवरण दिएमा, वा

(ख) दफा नं. १७ बमोजिम बीमकबाट लिखित समर्थन नजनाएमा, वा

तर, बीमा दाबी भुक्तानी दिन अस्वीकार गर्नु अघि बीमकले उल्लिखित तथ्यहरू प्रमाणित गर्नु पर्नेछ ।

१२. **क्षतिपूर्ति नपाउनेः** देहायको कुनै अवस्था उत्पन्न भएमा बीमितले यस बीमालेख अन्तर्गत दाबी वापतको क्षतिपूर्ति पाउने छैनः

(क) दाबी जालसाजीपूर्ण भएमा, वा

(ख) दावीको सिलिसिलामा बीमित वा निजको तर्फबाट कार्य गर्ने व्यक्तिले झुठ्ठा बयान दिई कुनै अनुचित लाभ उठाउन खोजेमा, वा

(ग) बीमकले दावी अस्वीकार गरेका छ (६) महिनाभित्र नेपाल बीमा प्राधिकरण समक्ष उजुरी नगरेमा, वा

(घ) बीमा ऐन, २०७९ बमोजिम नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा फैसला गरेको पैंतीस (३५) दिनभित्र उच्च अदालतमा उजुरी नगरेमा

तर, दाबी भुक्तानी रकम दिन अस्वीकार गर्नु अघि बीमकले उल्लिखित तथ्यहरू प्रमाणित गर्नु पर्नेछ ।

१३. **खारेजीः**

(१) देहायको अवस्थामा बीमालेख स्वतः खारेज हुनेछः

(क) प्रस्ताव फाराम नभरेमा

(ख) बीमाशुल्क वापतको जम्मा गरेको पूरा रकम बीमकको बैंक खातामा प्राप्त नभई बीमालेख जारी गरेको भएमा,

(ग) आफ्नो हकहितमा नरहेको सम्पत्तिको बीमा गराएमा,

(घ) तीस दिनभन्दा लामो अवधिको बैंक जमातनमा बीमालेख जारी गराएमा,

(ङ) बीमालेखमा उल्लेख गरिएको स्थानबाट बीमा गरिएको सबै सम्पत्ति यसै बीमालेख अन्तर्गत रक्षावरण भएको स्थान बाहेक अन्यत्र विस्थापन भएमा वा अन्यत्र सारिएमा,

(च) स्वामित्व हस्तान्तरण भएको साठी (६०) दिनभित्र सम्पत्तिको स्वामित्व प्राप्त गर्ने व्यक्तिको नाममा बीमालेख नामसारी नभएमा ।

(२) बीमकले देहायको अवस्थामा बीमालेख खारेज गर्न सक्नेछः

(क) बीमितले बीमालेख खारेज गर्न अनुरोध गरेमा,

(ख) नेपाल बीमा प्राधिकरणले कारण सहित बीमालेख खारेज गर्न निर्देशन दिएमा,

(ग) बीमितले गैरकानूनी सम्पत्तिको बीमा गराएको प्रमाणित भएमा,

(३) बीमितको अनुरोधमा बीमालेख खारेज गर्नु परेको अवस्थामा बीमितलाई बहाल रहेको अवधिको लागि देहाय बमोजिमको छोटो अवधिको बीमादर अनुसार बीमाशुल्क लिई बाँकी बीमाशुल्क फिर्ता गर्नु पर्नेछः

| क्र.सं. | अवधि | बीमाशुल्क |
|---|---|---|
| १ | एक महिनासम्मको लागि | वार्षिक बीमाशुल्कको १५ प्रतिशत |
| २ | तीन महिनासम्मको लागि | वार्षिक बीमाशुल्कको ४० प्रतिशत |
| ३ | छ महिनासम्मको लागि | वार्षिक बीमाशुल्कको ७० प्रतिशत |
| ४ | नौ महिनासम्मको लागि | वार्षिक बीमाशुल्कको ८५ प्रतिशत |
| ५ | नौ महिनाभन्दा बढी अवधिको लागि | वार्षिक बीमाशुल्क |

तर, बीमालेख खारेज हुनु अघि दाबी परिसकेको रहेछ भने बीमाशुल्क फिर्ता हुने छैन ।

(४) यस दफा बमोजिम बीमकले आफैंले बीमालेख खारेज गर्नु परेको खण्डमा बीमितलाई पन्ध्र (१५) दिनको पूर्व जानकारी दिनु पर्नेछ र बाँकी बीमा अवधिको लागि समानुपातिक दरमा बीमाशुल्क फिर्ता गर्नु पर्नेछ ।

१४. **योगदानः**

(१) यस बीमालेखबाट बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको कुनै अंश अर्को कुनै पनि घर बीमालेख वा सम्पत्ति बीमामलेख मार्फत बीमा गर्न पाइने छैन ।

(२) कुनै कारणवस बीमा गरिएको सम्पत्ति अन्य बीमा कम्पनीमा समेत बीमा भएको रहेछ र त्यस्तो सम्पत्ति वा सम्पत्तिको केही अंशको दाबी परेमा बीमकले आफ्नो भागको क्षतिपूर्ति रकम समानुपातिक रूपमा प्रदान गर्नेछ ।

(३) बीमा गरिएको सम्पत्ति वा सम्पत्तिको केही अंशको क्षतिपूर्ति सामुद्रिक बीमालेखबाट समेत प्राप्त हुने रहेछ भने सामुद्रिक बीमालेखबाट क्षतिपूर्ति प्राप्त भए पश्चात बाँकी रकम मात्र यस बीमालेख अन्तर्गत प्रदान गरिनेछ ।

१५. **प्रत्यासनः**

(१) बीमा गरिएको सम्पत्तिको क्षति वापत बीमितले बीमक बाहेक अन्य पक्षबाट समेत क्षतिपूर्ति पाउने रहेछ भने बीमकबाट क्षतिपूर्ति प्राप्त गर्दा अन्य पक्षबाट क्षतिपूर्ति पाउने अधिकार बीमकलाई सुम्पनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम अन्य पक्षबाट क्षतिपूर्ति प्राप्त गर्नका लागि बीमकले जुनसुकै समयमा पनि उपयुक्त र आवश्यक कारवाही गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिमको कार्य बीमित आफैंले गर्नु पर्ने भए आफैंले गर्नु पर्नेछ वा बीमकले गर्न मिल्ने भएमा बीमकलाई लिखित अनुमति दिनु पर्नेछ ।

(४) उपदफा (२) र (३) बमोजिमको कार्यको खर्च बीमकको हुनेछ ।

१६. **न्यून बीमाः**

(१) बीमा गरिएको सम्पत्तिको क्षति भएको बेलामा मूल्याङ्कन गर्दा क्षति भएको सम्पत्तिको बजार मूल्यको तुलनामा बीमाङ्क रकम ८५ (पचासी) प्रतिशतभन्दा कम हुन आएमा बीमकले न्यून बीमा अन्तर्गत भुक्तानी गर्ने दाबीको सूत्र (औषत शर्त) अनुसार गणना गरी हुन आउने रकम भुक्तानी गर्नेछ ।

(२) बीमा गरिएको सम्पत्ति एकभन्दा बढी संख्यामा रहेछ भने प्रत्येक सम्पत्तिको लागि यो प्रावधान छुट्टाछुट्टै लागू हुनेछ ।

(३) देहायको अवस्थामा औषत शर्त लागू हुने छैनः

(क) बीमाङ्कको दश प्रतिशत वा दश लाख रुपैयाँमध्ये जुन कम हुन्छ सो बराबरको क्षति हुन आएमा,

(ख) पूर्ण क्षति भएको अवस्थामा ।

१७. **परिवर्तन तथा परित्यागः** देहायको कुनै घटना घट्नु वा क्षति हुनु अगावै बीमकको तर्फबाट लिखित समर्थन गराउनु पर्नेछ ।

(१) व्यापार तथा उत्पादन प्रक्रियामा परिवर्तन भएमा, वा

(२) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवनको प्रयोगमा परिवर्तन भएको कारणले जोखिममा उल्लेख्य बृद्धि भएमा, वा

(३) बीमा गरिएको भवन वा बीमा गरिएको सम्पत्ति रहेको भवन साठी (६०) दिनभन्दा लामो समयसम्म मानिस नबसी खाली रहेमा ।

१८. **स्वामित्व परिवर्तनः**

(१) प्रचलित कानून बमोजिम उत्तराधिकारीमा सरेकोमा बाहेक बीमितबाट अन्य व्यक्ति वा संस्थामा बीमा गरिएको सम्पत्तिको स्वामित्व हस्तान्तरण भएमा तीस (३०) दिनभित्र बीमितले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम स्वामित्व परिवर्तन गर्नका लागि बीमितले निवेदन दिएमा तत्काल कुनै शुल्क नलिई बीमकले बीमालेख नामसारी गरिदिनु पर्नेछ ।

१९. **दाबीः**

(१) बीमकले बीमाङ्क रकमभन्दा बढी हुने गरी दाबी भुक्तानी गर्ने छैन ।

(२) यस बीमालेखको अपवादमा उल्लेख गरिए बाहेकको कुनै घटना घटी बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमितले तत्काल देहायका कुराहरू गर्नु पर्नेछः

(क) बीमा गरिएको सम्पत्तिको क्षति न्यूनीकरणको लागि प्रयास गर्ने,

(ख) आगलागी, हूलदङ्गा तथा आतङ्कवाद जोखिम समूह वा आपराधिक कारणबाट क्षति भएमा वा त्यसरी क्षति भएको हो भनी शंका लागेमा प्रहरी कार्यालयमा खबर गर्ने

(३) उपदफा (२) बीमकलाई जानकारी दिएको पैंतीस (३५) दिन वा बीमकले थप म्याद दिएकोमा उक्त अवधिभित्र बीमितले बीमकलाई देहायका विवरण उपलब्ध गराउनु पर्नेछः

(क) दाबी उत्पन्न हुने वा क्षति गराउने घटनाको उत्पत्ति, कारण तथा घटना घट्दाको परिस्थितिको विवरण,

(ख) क्षति परेको सम्पत्तिको क्षति हुँदाको मूल्य (कुनै नाफा समावेश नगरिएको मूल्य) को आधारमा तयार पारिएको दाबी रकम सहितको विस्तृत विवरण,

(ग) दाबीको सत्यता जाहेर गर्ने कागजात, दाबीको सम्बन्धमा बीमकलाई आवश्यक पर्ने बयान, योजना, नापनक्सा, बहिखाता, भौचर, प्रतिलिपि, बीजक, अन्य कागजपत्र जस्ता प्रमाण,

(घ) बीमा गरिएको सम्पत्तिको अन्य बीमा कम्पनीमा समेत बीमा गरिएको भए सोको विवरण ।

(४) बीमकले बीमा गरिएको सम्पत्तिको क्षति भएको जानकारी प्राप्त गरेमा उक्त बीमितसंग सम्पर्क गरी दाबी प्रक्रियामा निजलाई सहयोग गर्नेछ ।

(५) एउटै बीमा अवधिमा जतिसुकै पटक पनि दाबी गर्न सकिनेछ र धेरैपटक दाबी गरेकै कारणले बीमकले दाबी अस्वीकार गर्ने छैन ।

२०. **अधिकः**

(१) यस बीमालेख अन्तर्गत देहाय बमोजिमको अधिक लागू हुनेछः

(क) भूकम्प तथा पानीजन्य जोखिमबाट क्षति भएको बीमा गरिएको सम्पत्तिको हकमा दाबी मूल्याङ्कन रकमको ५ प्रतिशत बराबरको रकम ।

(ख) अन्य कुनै पनि कारणबाट भएको क्षतिको हकमा दाबी मूल्याङ्कन रकमको १ प्रतिशत बराबरको रकम ।

**स्पष्टीकरणः** अधिक गणना गर्दा कुल दाबी रकममा नभई प्रत्येक बीमा गरिएको सम्पत्तिको लागि अलग अलग गणना गरी कुल रकम निर्धारण गरिनेछ ।

(ग) पाँच हजार रुपैयाँभन्दा कम रकमको दाबी गर्न पाइने छैन ।

२१. **ह्रासः**

(१) क्षतिपूर्ति रकम निर्धारण गर्दा बीमकले ह्रासकट्टी गरी गणना गर्नेछ ।

(२) बीमा दाबी मूल्याङ्कन गर्ने प्रयोजनको लागि सम्पत्तिको ह्रास कट्टी देहाय अनुसार गरिनेछ:

(क) भवनको हकमा वार्षिक २ प्रतिशतका दरले

(ख) घरायसी मेसिनरीको हकमा वार्षिक १० प्रतिशतका दरले

(ग) अन्य सम्पत्तिको हकमा नियमानुसार ।

(३) ह्रास कट्टी गर्दा जुनसुकै अवस्थामा पनि बीमाङ्कको कुल पचास प्रतिशतभन्दा बढी हुने गरी ह्रास कट्टी गर्न पाइने छैन ।

२२. **बीमकको अधिकारः**

(१) बीमा गरिएको सम्पत्तिको क्षति भएमा बीमकले देहाय बमोजिम गर्न सक्नेछ:

(क) क्षति भएको भवन वा परिसरमा प्रवेश गर्न वा कब्जामा लिन वा जिम्मा लिन, वा

(ख) क्षति भएको भवन वा परिसरभित्र रहेको बीमितको कुनै सम्पत्ति वा क्षति भएको सम्पत्ति आफ्नो कब्जामा लिन वा जिम्मा लिन, जाँचबुझ गर्न, छनौट गर्न, मिलान गर्न, हटाउन वा व्यवस्थापन गर्न, वा

(ग) क्षति भएको सम्पत्ति आफैंले वा सरोकारवालाको तर्फबाट बिक्री गर्न वा किनारा लगाउन ।

(२) बीमकले आफ्नो रोजाई अनुसार क्षति भएको सम्पत्ति वा त्यसको कुनै अंशको क्षतिपूर्ति स्वरूप मर्मत, बदली, सट्टा भर्ना वा नगद भुक्तानी गरिदिन सक्नेछ र उक्त काम बीमक आफैंले, अन्य कम्पनी मार्फत वा अन्य बीमकसंग मिली गर्न सक्नेछ ।

तर, निश्चित तरिकाले क्षतिपूर्ति दिने भनी तालिकामा तोकिएको अवस्थामा सोही तरिकाले क्षतिपूर्ति प्रदान गर्नु पर्नेछ ।

(३) बीमकले बीमा गरिएको सम्पत्तिको बदली वा सट्टा भर्ना गर्दा दुरूस्त रूपमा गरिदिन बाध्य हुने छैन ।

तर, परिस्थिति अनुसार यथासम्भव दुरूस्त बनाउन प्रयत्न गर्नु बीमकको दायित्व हुनेछ ।

२३. **बीमितको दायित्वः**

(१) यस बीमालेखमा उल्लेख भएका सम्पूर्ण शर्तहरू बीमितले पालना गर्नु पर्नेछ ।

(२) बीमकले आफ्नो अधीनमा लिएको वा नलिएको कुनै पनि सम्पत्ति बीमितले छाड्न वा परित्याग्न गर्न पाउने छैन ।

(३) बीमा गरिएको सम्पत्तिको बीमितले उचित स्याहार (स्ट्यान्डर्ड अफ केयर), मर्मत सम्भार गर्नुका साथै क्षति हुनबाट बचाउन उपयुक्त सावधानी अपनाउनु पर्नेछ ।

(४) दाबी छानबीन, अनुसन्धान वा सर्भेको क्रममा प्रहरी, बीमक तथा अन्य अधिकारप्राप्त निकायलाई बीमितले पूर्ण रूपमा सहयोग गर्नु पर्नेछ ।

(५) बीमा गरिएको सम्पत्तिको जोखिममा वृद्धि भएको थाहा भएमा बीमितले बीमकलाई जानकारी गराउनु पर्नेछ ।

(६) दाबी यकिन गर्नका लागि आवश्यक प्रमाण बीमितले जुटाउनु पर्नेछ ।

२४. **बीमाङ्कको पुनर्स्थापनाः**

(१) बीमा अवधिमा प्रत्येक पटक दाबी परेपश्चात बाँकी अवधिको लागि बीमाङ्क रकम दाबी बराबरको रकमले स्वत: कम हुनेछ ।

(२) बीमितले बाँकी अवधिको लागि पूरा बीमाङ्क कायम राख्न चाहेमा दाबी बराबरको रकमको समानुपातिक रूपमा हुन आउने बीमाशुल्क भुक्तानी गर्नु पर्नेछ र बीमकले तत्काल साबिक बीमाङ्क रकम पुनर्स्थापना गरिदिनेछ ।

२५. **समय सीमाः** बीमालेखको अवधि समाप्त हुने भनी उल्लेख भएको मितिमा मध्यरात बाऱ्ह बजे बीमालेख समाप्त हुनेछ ।

२६. **बीमालेख जारी गर्न नपाइने अवस्थाः** मोटर बीमालेख, सामुद्रिक बीमालेख, हवाई बीमालेख, इन्जिनीयरिङ्ग बीमालेख, कृषि, पशुपन्छी तथा जडिबुटी बीमालेख, नगद तथा मार्गस्थ बीमा र बैंकर्सको क्षतिपूर्ति बीमालेख लगायत विविध बीमा अन्तर्गत रक्षावरण हुने जोखिमको लागि यो बीमालेख जारी गर्न पाइने छैन ।

२७. **विवाद समाधानः**

(१) देहायको कुनै अवस्था आइपरेमा बीमितले विस्तृत विवरण खुलाई ६ (छ) महिनाभित्र नेपाल बीमा प्राधिकरणमा उजुरी गर्न सक्नेछ:

(क) बीमकले दाबी वापतको निवेदन लिन अस्वीकार गरेमा,

(ख) बीमकले दाबी वापतको रकम दिन अस्वीकार गरेमा, वा

(ग) बीमकले बीमितलाई दिन आँटेको दाबी वापतको रकम कम भएको भन्ने बीमितलाई लागेमा, वा

(घ) बीमित वा बीमालेख धारक वा कानूनी हकवाला बाहेक अन्य पक्षलाई दाबी वापतको रकम भुक्तानी गर्न आँटेमा वा भुक्तानी गरेमा, र

(ङ) बीमा तथा दाबी सम्बन्धमा अन्य कुनै विवाद उत्पन्न भएमा ।

(२) नेपाल बीमा प्राधिकरणले बीमकको पक्षमा दिएको निर्णय चित्त नबुझेमा निर्णय प्राप्त भएको पैंतीस (३५) दिनभित्र बीमितले उच्च अदालतमा पुनरावेदनका लागि उजुरी दिन सक्नेछ ।

२८. **लिखितः**

(१) बीमक तथा बीमित बीच हुने कुनै पनि सूचना, पत्र, लेखापढी लिखित हुनेछ ।

(२) बीमालेखको एक प्रति बीमकले राखी एक प्रति बीमितलाई दिइनेछ ।

(३) बीमितले बीमालेख प्राप्त गरेको प्रमाण बीमकले बीमालेखको आफ्नो प्रतिसंगै सुरक्षित रूपमा राख्नेछ ।